२०७६/०१/०३

# अपिल-पत्र :

सामाजिक सुरक्षा नागरिक समाज सञ्जालले २०६८ फाल्गुण ४ देखि नै अपाङ्गता भएका व्यक्ति, भूमिहीन, एचआईभी संक्रमित महिला, बालबालिका, ज्येष्ठ नागरिक, सीमान्तकृत वर्ग तथा एकल महिलाहरुको सामाजिक सुरक्षाको क्षेत्रमा नेपाल सरकार लगायत सम्बन्धित सरोकारवाला निकायहरुसँग अभियान तथा पैरवी गर्दै आईरहेको छ ।

कोरोना भाइरस (COVID -19) को संक्रमण र असर विश्वभर फैलिसकेको छ । विश्व स्वास्थ्य संगठनले COVID-19 लाई विश्वव्यापी महामारी घोषणा गरे सँगै अधिकाँश मुलूकहरुले कोरोना भाईरसको रोकथामका लागि बन्दाबन्दी (लकडाउन) तथा कर्फ्यु लगायत आन्तरिक तथा बाहृय उडानहरु सञ्चालनमा रोक लगाउने तथा विभिन्न माध्यमहरुबाट जनचेतना फैलाउने कार्यमा सम्बन्धित निकायहरु कटिबद्ध भई अघि बढिरहेका छन् ।

नेपाल सरकारले पनि मिति २०७६ चैत्र ११ गते देखि पुरै देशलाई लकडाउन गरेको छ । यसबाट मुलतः गरिब विपन्न, ज्यालादारी काम गर्ने व्यक्ति, अपाङ्ग, भुमिहीन, एचआईभी संक्रमित, गर्भवती, सुत्केरी महिला, बालबालिका (दलित, गरिबीमा परेका), ज्येष्ठ नागरिक, सीमान्तकृत वर्ग तथा एकल महिलाहरुमा झन बढी असर परेको छ ।

नेपालको संविधान २०७२ ले सामाजिक सुरक्षालाई मौलिक हकका रुपमा व्याख्या गरेको छ । धारा ४३ ले संकटापन्न सीमान्तकृत वर्ग, ज्येष्ठ नागरिक, दलित, श्रमिक तथा एकल महिलालाई सामाजिक सुरक्षाको अधिकारका रुपमा स्थापित गरिसकेको छ । संविधानको धारा ३५ः स्वास्थ्यसम्बन्धी हक, धारा ३६ः खाद्य अधिकार, धारा ३८ः महिलाको हक, धारा ३९ः बालबालिकाको हक, धारा ४०ः दलितको हक, धारा ४१ः ज्येष्ठ नागरिकको हक, धारा ४२ः सामाजिक न्यायको हक तथा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वले हरेक नागरिकको स्वास्थ्यमा पहुँच तथा सुनिश्चितता गरेको छ ।

यो अवस्था कहिले सम्म रहने हो भन्नेमा समेत यकिन गर्न नसकिने हुनाले नेपाल सरकारका तीनै तहका सङ्घीय, प्रदेश तथा स्थानीय सरकार र अन्य सरकोकारवाला निकायहरु समक्ष तल उल्लेखित बुँदाहरुमा सहयोग प्रदान गरिदिनु हुन सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको तर्फबाट ध्यानाकर्षण तथा अपिल गर्दछौं ।

१ शहरी क्षेत्रमा डेरा गरी बस्ने आर्थिक रुपले विपन्न एकल महिला, अपाङ्गता भएका महिला श्रमिक, एचआईभी संक्रमित महिलाहरुलाई घर भाडा सहयोग स्वरुप राहत वा सहयोग वितरण गरिदिने वा लक डाउनको समयमा भाडा मिनाहा गर्ने र कार्यान्वयन गराउने ।

२ राज्यका तीनै तहका सरकारले ल्याउने सहयोग कार्यक्रममा गरिब विपन्न, ज्यालादारी काम गर्ने व्यक्ति, अपाङ्ग, भुमिहिन, एचआईभी संक्रमित, गर्भवती, सुत्केरी महिला, बालबालिका (दलित, गरिबीमा परेका), अपाङ्ग, ज्येष्ठ नागरिक, सीमान्तकृत वर्ग तथा एकल महिलाहरुलाई सहयोग गर्ने कार्यक्रमको अभिलेखिकरण सहित आवश्यकताको (जस्तैः सुत्केरीको लागि पोषण) आधारमा सहयोग वितरण गर्ने ।

३. घरेलु प्रयोजनका लागि प्रदान गरिएका इन्टरनेट प्रसारणमा तत्काल अश्लिल साइट र सूचनामा रोक लागाउने व्यवस्था गर्ने तथा कुनै पनि घर-परिवारमा बालबालिकाहरु यस्ता साइटको पहुँचमा पुगेको थाहा भएमा अभिभावक, बालबालिका वा जो कोहीले पनि तत्काल सेवा प्रदायकलाई जानकारी गराउन हटलाइन वा यस्तै उजुरी संयन्त्र तयार गर्ने र सार्वजनिक सूचनामा राख्ने तथा युट्युब लगायत सामाजिक सञ्जालहरुमा प्रसारण हुने गहत र भ्रामक समाचार दिने साइटलाई तत्काल बन्द गराउने ।

४. हालको विषम परिस्थितिमा नेपाल सरकारले तोकेको समय अगावै वितरण गर्न लागेको सामाजिक सुरक्षा भत्ता सबै उमेर समूहका नागरिकका लागि मितव्ययी, पारदर्शी तथा जवाफदेहिताको सुनिश्चित गर्ने र वितरणलाई सहज बनाउने ।

५. सामाजिक सुरक्षासम्बन्धी सचेतना अभिवृद्धिका लागि रेडियो, टिभी तथा अनलाइनमार्फत प्रचार, प्रसारण गर्ने ।

६. स्वास्थ्य परामर्श, कानुनी उपचार तथा अन्य सेवामा यो सञ्जाल तत्पर रहेको हुँदा आवश्यकताका आधारमा सहयोग लिने ।

७. अनौपचारिक क्षेत्रका मजदुर, मनोरञ्जन, होटलमा काम गर्ने किशोरीहरुको अवस्था बुझ्नुपर्ने तथा उनीहरुको राहत साम्रगीमा पहुँच पुर्‍याउने सुनिश्चतता गर्ने ।

८. बाल गृहमा रहेको बालबालिका, बेचविखन विरुद्धको पुर्नस्थापना गृह, शरणार्थी शिविरमा रहेका बालबालिका, सडक बालबालिका, अपाङ्गता भएका, श्रममा रहेका बालबालिकाहरुको सर्वोत्तम हितलाई ध्यानमा राखी सामाजिक सुरक्षाको विशेष व्यवस्था मिलाउने ।

९. ज्यालादारी मजदुर तथा विपन्न परिवारका लागि ल्याइएको कोरोना राहत कार्यक्रम अर्न्तगत लक्षित समुदायको नागरिकता नै चाहिने व्यवस्थालाई वैकल्पिक बनाई अन्य कागजात वा परिचयको आधारमा मितव्ययी तबरले व्यवस्थापन सुनिश्चित गर्ने र गराउने ।

१०. दिर्घ रोगीहरुको नियमित जाँच तथा औषधीलाई सर्वसुलभ उपलब्धताको लागि आवश्यक व्यवस्थापन गर्ने ।

११. एचआईभी संक्रमित व्यक्ति तथा बालबालिकाले नियमित खानु पर्ने औषधीहरुको उपलब्धता तथा नियमित जाँचका लागि आवश्यक व्यवस्था गरिदिने ।

१२. कृषि उत्पादन प्रक्रिया रोकिए भोकमरी हुने भएकाले कृषकलाई सुरक्षित तरिकाले उत्पादन प्रक्रियामा सहभागी हुन सहज वातावरण तयार गर्ने । मल र बिऊ उपलव्ध गराउने । बिक्री भएका र छिटो बिग्रेर जाने उपजहरु बिक्रीको उचित व्यवस्था गर्ने ।

भवदीय,

**सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल**

Social Protection Civil Society Network

सचिवालयः मानव अधिकार र समाज सेवामा महिला बालबालिका (सिविस)
ठेगानाः बुद्धनगर, काठमाण्डौं | टेलिफोनः ९७४१४६६५९५| इमेलः info@spcsnnepal.org |
वेभसाइटः www.spcsnnepal.org|